यूनाइटेड अजोड
इन्स्योरेन्स लिमिटेड
United by Trust

च.नं. ४२८३/२०८०/०८१

मिति : २०८०/११/०६

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
**सिंहदरवार प्लाजा, काठमाण्डौ ।**

**विषय : साधारण सभाको निर्णयहरु तथा वार्षिक प्रतिवेदन सम्बधमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८०/१०/०६ गते आइतवार सम्पन्न ३० औं वार्षिक साधारण सभा (मर्जर पछिको पहिलो साधारण सभा) बाट निम्न प्रस्तावहरु पारित गर्ने निर्णय भएको जानकारी गराउन चाहन्छौं ।

**(क) सामान्य प्रस्तावहरु :**

१) संचालक समितिको तर्फवाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि सो लाई पारित गर्ने ।

२) यूनाइटेड अजोड इन्स्योरेन्स लि. को लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७९/८० को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, इक्यूटीमा भएको परिवर्तन र वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

३) साविक अजोड इन्स्योरेन्स लि.को लेखापरीक्षण प्रतिवेद्नन सहित आ.व. २०७९/८० को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, इक्यूटीमा भएको परिवर्तन र वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रकम रु.१,९०,४५,६८,०००/- (अक्षरेपी एक अर्व नब्बे करोड पैतालिस लाख अठसट्ठी हजार) को १०.२६१२ (दश दशमलव दुई छ एक दुई) प्रतिशतले हुन आउने रकम रु.१९,५४,३२,०००/-(अक्षरेपी उन्नाइस करोड चौवन्न लाख बत्तीस हजार) बराबरको बोनस शेयर जारी गर्दा लाग्ने कर वापत चुक्ता पूँजीको ०.५४०१ (शून्य दशमलव पाँच चार शून्य एक) प्रतिशतका दरले हुने रकम रु.१,०२,८५,८९४/७४ (अक्षरेपी एक करोड दुई लाख पचासी हजार आठ सय चौरानब्बे र चौहत्तर पैसा) नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

५) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम कम्पनीको आ.व. २०७९/०८० को बाह्य लेखापरीक्षण गर्न लेखापरीक्षक श्री जे.बि.राजभण्डारी एण्ड दिबिन्स, चार्टर्ड एकाउन्टेन्टसलाई नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

६) समूह "क" का संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिको प्रतिनिधित्व गर्ने संचालक पद ३ (तीन) तथा समूह "ख" का सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिको प्रतिनिधित्व गर्ने संचालक पद २ (दुई) को निर्वाचन भई संस्थापक शेयरधनीतर्फ श्री अजाद श्रेष्ठ, श्री प्रणव कुमार दास (प्रतिनिधि श्री सि.जि. फुडस् नेपाल लि. को तर्फबाट) र श्री बलराम खनाल (प्रतिनिधि श्री चौधरी ग्रुप प्रा.लि.को तर्फबाट) निर्विरोध

यूनाइटेड अजोड
इन्स्योरेन्स लिमिटेड
United by Trust

निर्वाचित हुनुभयो भने सर्वसाधारण शेयरधनीतर्फ श्री पानु दत्त पौडेल र श्री शम्भु अधिकारी निर्विरोध रुपमा निर्वाचित भएको घोषणा निर्वाचन अधिकृतबाट भएको ।

**ख) विशेष प्रस्ताव :**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रकम रु.१,९०,४५,६८,०००/- (अक्षरेपी एक अर्व नब्बे करोड पैतालिस लाख अठसट्ठी हजार) को १०.२६१२ (दश दशमलव दुई छ एक दुई) प्रतिशतले हुन आउने रकम रु.१९,५४,३२,०००/- (अक्षरेपी उन्नाइस करोड चौवन्न लाख बत्तीस हजार) बराबरको बोनस शेयर जारी गर्ने । त्यसरी बोनस शेयर जारी गर्दा भिन्न अंकमा आउने शेयरलाई संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै राखि नजिकको पूरा अंक कायम गर्ने । साथै बोनश शेयर जारी गर्दा जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएबाट सोही अनुरुप प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

२) कम्पनीको संस्थापक शेयर तथा सर्वसाधारण शेयरको अनुपात बमोजिम संचालक समितिको गठन गर्ने तथा सोही बमोजिम कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने ।

३) कम्पनीको प्रबन्धपत्र र नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम आवश्यक फेरबदल गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

क) मिति २०८०।०२।१८ गते बसेको संचालक समितिको दोस्रो बैठकको निर्णयानुसार स्वतन्त्र विज्ञ संचालकमा श्री विष्णु प्रसाद नेपाल लाई नियुक्त गरेको हुँदा सोको अनुमोदन गर्ने ।

भवदीय,

**बैद्यनाथ प्रसाद उपाध्याय**
**कम्पनी सचिव/मुख्य प्रवन्धक**

यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड
United by Trust

**संलग्न :**

१. आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन